नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नवराजपुर

# स्थानीय राजपत्र

खण्डः१ | संख्याः१२, नवराजपुर | मितिः२०८०/०१/०४

**भाग १**

**नवराजपुर गाउँपालिका**

## नवराजपुर गाउँपालिका शिक्षा ऐन २०७९

स्वीकृत मितिः२०७९/१२/२७

**प्रस्तावना :**

नेपालको संविधानद्वारा प्रदत्त शिक्षा सम्बन्धी मौलिक हकहरुलाई व्यवहारमा कार्यान्वयन गरी आधारभूत र माध्यमिक शिक्षामा सबैको सहज,समतामूलक पहुँच कायम गर्न, शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित, गुणस्तरीय, जीवनोपयोगी, एवम् प्रतिस्पर्धी बनाउँदै बालबालिकाहरुको चौतर्फी विकास गर्न बाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँसभाले यो ऐनबनाएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः १) यस ऐनको नाम "नवराजपुर गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७९" रहेको छ ।

२) यो ऐन स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले "नवराजपुर गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७९ लाई सम्झनु पर्दछ ।

ख) "सम्बन्धित मन्त्रालय" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले नवराजपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) "सभा"भन्नाले नवराजपुर गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

ङ) "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनु पर्दछ ।

च) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्मको शिक्षा सम्झनु पर्दछ ।

छ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्मको शिक्षा सम्झनु पर्दछ ।

ज) “सामुदायिक विद्यालय” भन्नाले संघीय सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

झ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकारले निश्चित माध्यमबाट दिइने शिक्षा
सम्झनु पर्दछ ।

ञ) “विद्यालय” भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्दछ ।

ट) “संस्थागत विद्यालय” भन्नाले संघीय सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

ठ) “आधारभूत विद्यालय” भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्मको अध्ययन अध्यापन हुने विद्यालयलाई सम्झनु पर्दछ ।

ड) "माध्यमिक विद्यालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा बाह्रसम्म अध्ययन अध्यापन हुने विद्यालयलाई सम्झनु पर्दछ ।

ढ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

ण) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँने छ ।

त) “कर्मचारी” भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

थ) “तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु
पर्दछ ।

द) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै संस्था वा व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी लाई सम्झनु पर्दछ ।

ध) “आधारभूत शिक्षा उत्तीर्ण परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने कक्षा ८ को वार्षिक

पर्दछ ।

न) "अनुमति" भन्नाले संघीय सरकार वा पालिकाले स्थायी स्वीकृति र सहायता प्रदान नगरेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

प) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा पालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ ।

फ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा ( पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

ब) " आयोग” भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्दछ ।

भ) "समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनु पर्दछः

१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, सुस्त श्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका वा पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

म) " अनिवार्य शिक्षा” भन्नाले संघीय सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य बैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ ।

य) "निःशुल्क शिक्षा” भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनैपनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

र) “बोर्ड” भन्नाले स्थानीय तहमा परीक्षा सञ्चालन गर्न गठन गरिएको परीक्षा बोर्डलाई सम्झनु पर्दछ ।

ल) “प्रधानाध्यापक” भन्नाले विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनु पर्दछ ।

व) “शाखा” भन्नाले नवराजपुर गाउँपालिकाको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्दछ ।

श) “शिक्षक अभिभावक संघ" भन्नाले विद्यालयका शिक्षक र अभिभावकहरुको संघलाई सम्झनु पर्दछ ।

ष) " अभिभावक " भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी बिद्यालयको अभिलेखमा जनिएको व्यक्ति पर्दछ र सो शव्दले विद्यालयको व्यवस्थापन समितिको वा शिक्षक अभिभावक संघको

सम्झनु

गठन गर्ने प्रयोजनका लागि बिद्यार्थीका बाबु, आमा, मात्र भाग लिन पाउनेछन् ।

स) "शिक्षक महासंघ" भन्नाले शिक्षकहरुको छाता संगठनलाई जनाउनेछ ।

३. शिक्षा प्राप्त गर्ने अधिकार :

## परिच्छेद २

## शिक्षामा नागरिकको पहुँच र पालिकाको दायित्व

पालिकाबासी प्रत्येक नागरिकलाई औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

४. शिक्षा प्रदान गर्ने दायित्व :

पालिकाबासी प्रत्येक नागरिकलाई माध्यमिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व पालिकाको हुनेछ ।

५. नागरिकको कर्तव्य : आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समुहका आफ्ना बालबालिकाहरुलाई पायक पर्ने विद्यालय र उमेर अनुसारको कक्षामा भर्ना गराई नियमित रुपमा विद्यालय पठाउनु पालिकाबासी नागरिकको कर्तव्य हुनेछ । शिक्षामा नागरिकको अधिकार एवम् पहुँच र पालिकालिकाको दायित्व सम्वन्धी अन्य व्यवस्थातोकिए वमोजिम हुनेछ ।

## परिच्छेद ३

## अनिवार्य तथा निःशुल्क शिक्षा

६. अनिवार्य शिक्षा : यो ऐन प्रारम्भ भएपछि पालिका भित्र बसोवास गर्ने चार वर्ष उमेर पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७ अनिवार्य विद्यालय भर्ना : यो ऐन प्रारम्भ भएपछि प्रत्येक बालबालिकालाई निजको उमेर अनुसारको विद्यालयको कक्षामा अनिवार्य भर्ना गराउनु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

८. पहिचान विहिन बालबालिकाः पालिकाको भौगोलिक क्षेत्रभित्र अभिभावकको पहिचान नभएका बालबालिका भएमा त्यस्ता बालबालिकाको पालन पोषण तथा माध्यमिक तह सम्मको शिक्षाको व्यवस्था सम्बन्धित पालिकाको दायित्व भित्र हुनेछ ।

९. माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रत्येक वालबालिकालाई माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ ।

१०. अनौपचारिक, बैकल्पिक, परम्परागत तथा खुल्ला शिक्षाको व्यवस्था :

१) पालिका क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई आधारभूत तहसम्म आफ्नो अनुकुल शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

२) अनौपचारिक, बैकल्पिक, खुल्ला तथा परम्परागत शिक्षा पद्धतिको सञ्चालन, संरक्षण र प्रबर्धन गरिनेछ ।

११. सामुदायिक सिकाइ केन्द्रको संचालन : पालिकाक्षेत्र भित्र अनौपचारिक, बैकल्पिक, परम्परागत तथा खुल्ला शिक्षाको व्यवस्थापन एवम् सञ्चालन गर्न, स्वरोजगार तथा सीप विकास सम्वन्धी कार्यक्रम सञ्चाल गर्न, साक्षरता तथा साक्षरोत्तर शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना तथा सञ्चालन गरिनेछ ।

१२. प्राविधिक तथा व्यवसायिक शिक्षा सम्वन्धी व्यवस्था :

१) पालिका भित्र माध्यमिक तहसम्मको समकक्षता हुने गरी बहुप्राविधिक शिक्षाको विकास, अनुसन्धान तथा प्रवर्धन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद स्थापना गरिने छ ।

२) प्राविधिक तथा व्यवसायिक शिक्षा परिषदको गठन, काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. स्वास्थ्य उपचारको प्रवन्धः आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाको नियमित स्वास्थ्य परीक्षण, आधारभूत स्वास्थ्य उपचार तथा परामर्श सम्वन्धी आवस्यक व्यवस्था मिलाइने छ ।

१४. बालबालिकाका लागि दिवा खाजा सम्वन्धी व्यवस्थाः दिवाखाजा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी व्यवस्था :अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ४

## विद्यालय सञ्चालन, अनुमति, भौतिक पूर्वाधार तथा मापदण्ड

१६. विद्यालय खोल्न अनुमति लिनुपर्ने :

१) कुनै नेपाली नागरिकले सामुदायिक विद्यालय, शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

उपदफा (१) बमोजिम निवेदन परेमा पालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी राय सहित शिक्षा समितिमा पेश गर्नु पर्नेछ । विद्यालयले तोकिएको मापदण्ड पुरा भएको देखिएमा विद्यालयलाई शिक्षा समितिले अनुमति दिनसक्नेछ ।

३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएका विद्यालयले तोकिएको शर्तपालन गरेको देखिएमा तोकिए बमोजिम स्वीकृति प्रदान गरिनेछ ।

४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ ।

५) उपदफा (४) बमोजिम निवेदन परेमा गाउँ शिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने र जाँचबुझ
गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

६) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी र कम्पनीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति दिइने छैनः-

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य गरेका भए र सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

१७. शैक्षिक संस्थाको संचालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :

प्रारम्भिक बालशिक्षा, मन्टेश्वरी, भाषा कक्षा, कोचिङ जस्ता शैक्षिक संस्थाको संचालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१८. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछः-

क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (दृष्ट) संगठित संस्थाको रूपमा हुनुपर्ने,

ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (दृष्ट) मा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तिन जना सदस्य हुनुपर्ने,

ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (दृष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

ङ) यस सम्वन्धी अन्य व्यवस्था गुठी सम्वन्धी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१९. कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँ शिक्षा समितिबाट अनुमति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

२०. दफा १९ बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन्।

२१. दफा १६ को उपदफा (१), (२) र (३) मा जुनुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति दिइने छैन तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन
गरी विद्यालय खोल्ने सम्बन्धमा सम्बन्धित संघीय मन्त्रालयबाट स्वीकृति प्राप्त भएमा विद्यालय खोल्न गाउँपालिकाले अनुमति दिन सक्नेछ।

२२. दफा २१ बमोजिम अनमति वा स्वीकृति प्राप्त विद्यालयले तोके बमोजिमको विद्यालय सञ्चालन नगरेमा पालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ ।

२३. दफा २१ बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागू हुने छैन ।

२४. विद्यालय खोल्न अनुमतिको माग गर्ने :
१) संस्थागत विद्यालय खोल्न अनुमति माग गर्दा सवै भन्दा नजिकका कम्तिमा दुईवटा समान तहका विद्यालयका विद्यालयको सहमति लिनु पर्नेछ ।
२) नजिकका विद्यालयहरुबाट पालिकाले तोकेको शहरी क्षेत्रमा कम्तिमा ०.५ कि.मि. तथा ग्रामीण क्षेत्रमा कम्तिमा १ कि.मि दुरी हुनुपर्नेछ ।
३)यसरी विद्यालय सञ्चालनको अनुमति माग गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नुपर्नेछ ।
४) अनुमति वा दुरीको सम्बन्धमा विवाद भई सम्बन्धित विद्यालयको सहमती हुन नसकेमा वडा कार्यालयले आवश्यकता समेतलाई विचार गरी विद्यालय खोल्न सिफारिस दिन वा नदिन सक्नेछ ।
२५. माध्यामिक शिक्षाको वर्गीकरण : संघीय कानुन तथा प्रदेश कानुनमा अन्य व्यवस्था भएकोमा बाहेक माध्यामिक शिक्षालाई देहायबमोजिम वर्गीकरण गरिने छ ।
क) साधारण माध्यामिक शिक्षा
ख) संस्कृत माध्यामिक शिक्षा
ग) प्राविधिक तथा व्यवसायिक माध्यामिक शिक्षा ।
२६. शिक्षाको माध्यम :-
१) विद्यालय शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।
२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ
क) आधारभूत शिक्षा मातृभाषामा समेत दिन सकिनेछ ।
ख) भाषा विषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।
ग) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै अध्यापन गराउनु पर्नेछ ।
२७. विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन र विद्यालय बन्द गर्न सकिने :
१) तोकिएको अधिकारीले गाँउ शिक्षा समितिको निर्णय अनुसार सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको क्षेत्रमा विद्यालयको कक्षा थप घट गरी सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।
२) विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन र विद्यालय बन्द गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।
२८. विद्यालयको सम्पत्तिः विद्यालयको सम्पत्तिको स्वामित्व देहाय बमोजिम हुनेछ ।
क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति विद्यालयको सम्पति मानिनेछ ।
ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।
ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।
२९. विद्यालयको सम्पत्ति सम्बन्धी अन्य व्यवस्था विद्यालयको भौतिक सम्पत्ति संरक्षण गर्ने दायित्व विद्यालय प्रशासन र व्यवस्थापन समितिको हुनेछ, यस सम्वन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।
३०. शुल्क छुट र सुविधा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित गैर नाफामूलक संस्थागत विद्यालयको नाममा जग्गा खरिद गर्दा, संरचना निर्माण गर्दा वा अन्य तोकिएको लिखत पारित गर्दा लाग्ने शुल्क वा अन्य दस्तुर छुट दिईनेछ ।
३१. शुल्क सम्वन्धी व्यवस्था :
१) सामुदायिक विद्यालयले बालबालिकासँग कुनै प्रकारको शुल्क लिन पाइने छैन ।
२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले दान, उपहार एवम् सहयोग लिन सक्नेछ ।
३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदानगर्नको लागि संघीय कानून बमोजिम व्यवस्था गरिनेछ ।
३२. विद्यालय कोष : १) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछ
क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान ।
ख) गाँउ शिक्षा कोषबाट प्राप्त अनुदान ।

ग) अभिभावकहरुबाट प्राप्त सहयोग ।

घ) चन्दा वा दान दातव्यबाट प्राप्त सहयोग |

ङ) जिल्ला शिक्षा कोषबाट प्राप्त सहयोग वा अनुदान

च) अन्य स्रोतबाट प्राप्त सहयोग वा अनुदान ।

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ । ३) अक्षयकोष सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. प्रारम्भिक बालविकास शिक्षा :

प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ । २) पालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

३४. विद्यालय सञ्चालन समयः विद्यालय सञ्चालन समय तोकिए बमोजिम हुनेछ ।

३५. प्रधानाध्यापकको व्यवस्था प्रधानाध्यापकको नियुक्ति, पदावधि, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । ३६. शिक्षा शाखा सम्बन्धी व्यवस्था :

१) पालिकाको शिक्षासम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन, आवधिक योजना निर्माण, प्रगति प्रतिवेदन तयारी, प्रस्तुती र पेश गर्ने दायित्व पालिका अन्तर्गत रहेको गाँउ शिक्षा शाखाको हुनेछ ।

२) गाउँ शिक्षा शाखाको संरचना गाउँपालिकाले तोकेबमोजिम हुनेछ

३७. गाँउ शिक्षा सेवा आयोग सम्बन्धी व्यवस्था :

१) पालिकाको आफ्नै स्रोतमा शिक्षकको नियुक्तिको सिफारिस गर्ने प्रयोजनका लागि गाउँ शिक्षा सेवा आयोग गठन गरिनेछ ।

२) गाउँ शिक्षा सेवा आयोग सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## आचार संहिता, सरुवा तथा सेवाका शर्तहरु

३८. आचारसंहिता : शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

३९. शिक्षकको सरुवा : १) आवश्यकता अनुसार गाउँ शिक्षा समितिले पालिका क्षेत्र भित्रका एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको सरुवा गर्न सक्नेछ । सो प्रयोजनका निम्ति आवश्यकता अनुसार गाउँ शिक्षा समितिले सम्बन्धित विद्यालयको व्यवस्थापन समितिसँग आवश्यक राय, परामर्श गर्न सक्नेछ ।

२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. शिक्षकको सेवाका शर्तहरु : शिक्षकको सेवाका शर्तहरु संघीय कानुनमा उल्लेख भए बमोजिम हुनेछन् ।

४१. विद्यालय कर्मचारी सम्वन्धी व्यवस्था : विद्यालय कर्मचारी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## बजेट बिनियोजन तथा अनुदान

४२. वजेट विनियोजन तथा अनुदान :

गाउँपालिकाले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत विद्यालयको विद्यार्थी संख्या, सिकाइ उपलब्धी तथा भौतिक अवस्थाको आधारमा आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्ने प्रयोजनका लागि निश्चित रकम विनियोजन गर्नु पर्नेछ ।

४३. अन्य व्यक्ति वा संस्थाको सहायता लिन सकिनेः विद्यालयले विद्यालय विकासका लागि अन्य व्यक्ति वा संस्थाको सहायता लिन सक्नेछ । यसरी लिएको सहायताको जानकारी पालिकालाई गराउनु पर्नेछ ।

४४. गाउँ शिक्षा कोष : १) गाउँपालिकामा एउटा छुट्टै गाउँ शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहने छन् ।

क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) शिक्षा करबाट उठेको रकम,

ग) सहयोगबाट उठेको रकम

घ) पालिकाबाट बिनियोजित रकम ।

ङ) दान, दातव्य तथा अन्य स्रोतबाट प्राप्त रकम ।

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

४५. भौतिक पूर्वाधार तथा मापदण्ड : विद्यालयको संचालनका लागि आवस्यक भौतिक पूर्वाधार तथा मापदण्डहरु तोकिए बमोजिम हुनुपर्नेछ ।

## परिच्छेद ७

## प्रोत्साहन, उत्प्रेरणा, जरिवाना तथा कारवाही

४६. प्रोत्साहन, उत्प्रेरणा सम्बन्धी व्यवस्था : विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी वा सदस्यहरुलाई देहाय बमोजिमका उत्कृष्ट कार्य गरे वापत तोकिए बमोजिम प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गरिनेछ । क) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुयाएमा,

ख) विद्यालयको व्यवस्थापन पक्ष उत्कृष्ट देखिएमा,

ग) विषयगत सिकाइ उपलब्धीमूलक र उत्कृष्ट भएमा,

घ) विद्यालय र समुदायको सम्बन्ध उत्कृष्ट रुपमा विकसित गराएमा,

ङ) खोज, अध्ययन, अनुसन्धान तथा रचनात्मक कार्य गरेमा,

च) शिक्षा सम्वन्धी नवीनतम ज्ञान, प्रविधि तथा शिक्षण विधिको विकास गरेमा वा प्रयोग गरेमा ।

४७. कसुर तथा जरिवाना : शिक्षक वा कर्मचारीलाई विभागीय कारवाहीका लागि देहायका अवस्थामा तोकिएको अधिकारी समक्ष कारवाहीका लागि सिफारिस गरिनेछ ।

क) पदीय दायित्व पूरा नगरेमा,

ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ग) विद्यालयमा मादक पदार्थ तथा लागू औषध सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन वा कुनै फौजदारी कसुर सम्बन्धी अभियोग प्रमाणित भएमा,

ङ) विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा,

च) विद्यालयको अहित हुने कुनै कार्य गरेको प्रमाणित भएमा,

४८. दण्ड र सजाय : १) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित फौजदारी कानुन बमोजिम कार्वाही हुनेछ ।

२) कसैले देहायका कार्य गरे, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुयाएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून अनुसार सजाय हुनेछ ।

क) प्रश्न पत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापर्वाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा, प्रवेश गरी परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमिता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा ।

३) उपदफा (२) मा लेखिएदेखि वाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उलङघन गरेमा वा विद्यालयको हितको प्रतिकुल हुने गरी कुनै अबाञ्छित गतिविधि गरेमा कार्यपालिका वा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा कारवाही गर्ने,

ख) गाउँ शिक्षा समितिको सिफारिसमा कसुरको मात्रा हेरी नगद जरिवाना गर्ने,

ग) गाउँ शिक्षा समितिको सिफारिसमा विद्यालयलाई पालिकाबाट प्रवाह हुनेसहायता घटाउने, रोक्ने वा बन्द गर्ने अन्य कसुरमा प्रचलित कानुन वमोजिम कारवाही गर्ने ।

४९. सफाईको मौका प्रदान गर्नु पर्ने कारवाही, सजाय वा जरिवाना गर्दा कारवाही गर्ने अधिकारी वा निकायले सम्बन्धित शिक्षक वा कर्मचारीलाई सफाईको मौका दिनु पर्नेछ ।

५०. पुनरावेदन : कारवाही र सजायमा चित्त नबुझेमा जिल्ला अदालतमा ३५ दिन भित्र पुनरावेदन गर्न पाइने छ ।

## परिच्छेद ८

## खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रतिभा पहिचान र छात्रबृत्ति

५१. खेलकुद, अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचान सम्वन्धी व्यवस्था : १) बालबालिकाको विविध प्रतिभाको पहिचान तथा प्रस्फुटनका लागि गाउँस्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप समितिको गठन गरिने छ ।

२) खेलकुद तथा अतिरिक्त क्रियाकलाप समितिको गठन, काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५२. छात्रवृत्तिः १) मानव विकासको सूचकाङ्कका दृष्टिकोणले तोकिएको सूचकाङ्क भन्दा पछाडि परेका समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षा प्राप्त गर्न तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरिने छ ।

२) छात्रवृत्ति प्रदान गर्दा आर्थिक पारदर्शिता अवलम्बन गरिनेछ ।

३) पारदर्शिता सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९

## परीक्षाबोर्ड, गुणस्तर, अनुसन्धान तथा प्रविधि

५३. गाउँ परीक्षा बोर्डको गठन, काम, कर्तव्य र क्षेत्राधिकार : १) स्थानीय तहमा संचालन हुने कक्षा ५ तथा आधारभूत शिक्षा उत्तिर्ण परीक्षा (कक्षा ८) समेतको परीक्षा संचालन, व्यवस्थापन, नियन्त्रण र समन्वय गर्न तोकिए बमोजिम स्थानीय परीक्षा बोर्ड गठन गरिने छ।

२) स्थानीय परीक्षा बोर्डको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

३) वोर्डको सदस्य सचिव र कार्यविधि वोर्ड आफैले निर्धारण गर्न सक्नेछ

४) वोर्डका पदाधिकारीको पदावधि ३ वर्षको हुनेछ ।

५४. स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था : १) पालिका भित्रका विद्यालय, शिक्षक तथा कर्मचारीको पेसागत दक्षता र क्षमता अभिवृद्धि गर्नका लागि स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था गरिने छ ।

२) स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था, काम, कर्तव्य र क्षेत्राधिकार तोकिए बमोजिम हुनेछ ।

५५. अनुसन्धान तथा प्रविधिको विकास सम्बन्धी व्यवस्था : १) आधारभूत तथा माध्यमिक शिक्षा सम्वद्ध क्षेत्रमा नयाँ प्रविधि तथा प्राविधिक सीप विकासका लागि खोज तथा अनुसन्धानलाई प्रवर्धन गर्न पालिकाले नीति तथा कार्यक्रम तर्जुमा गर्नेछ ।

२) अनुसन्धान तथा विकास सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको गठन, काम, कर्तव्य र क्षेत्राधिकार : विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने छ र शैक्षिक गुणस्तर परीक्षण केन्द्रको गठन,काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५७. प्रविधिको विकास सम्वन्धी व्यवस्था : प्रविधिको विकास सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक : १) विद्यालयले संघीय सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु र्नु पर्नेछ ।

२) पालिकाले आफ्नो क्षेत्र भित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुयाएको मानिने छैन ।

## परिच्छेद १०

## गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति

५९. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः १) पालिका क्षेत्रभित्रका विद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय एवम् शैक्षिक नीति निर्माण गर्ने काम समेतका लागि गाउँ शिक्षा समिति गठन गरिने छ ।

२) गाउँ शिक्षा समितिको गठन देहाय बमोजिम हुनेछ :

क) गाउँपालिका अध्यक्ष वा नीजले तोकेको कार्यपालिका सदस्य मध्येबाट
-अध्यक्ष
ख) पालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्ये प्रधानध्यापकले छनौट गरी पठाएको १ जना महिला सहित २ जना सदस्य
ग) पालिका भित्र रहेका सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये कार्यपालिकाले तोकेको १ जना सदस्य
घ) गाउँसभा सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको कम्तीमा १ महिला सहित २ जना सदस्य ।
ङ) शिक्षक महासंघको गाउँ अध्यक्ष वा गाउँ शिक्षक महासंघले तोकेको वा शिक्षकहरुको भेलावाट छनौट भएको प्रतिनिधि १ जना सदस्य
छ) अभिभावक, शिक्षाप्रेमी, बुद्धिजीवी, समाजसेवी अपाङ्गता भएका व्यक्ति
मध्येबाट गाँउ शिक्षा समितिले मनोनित गरेका कम्तीमा दलित १ महिला १ सहित ३ जना सदस्य ।
ज) शिक्षा शाखा प्रमुख सदस्य सचिव
३) समितिका मनोनित पदाधिकारीको पदावधि ३ वर्षको हुनेछ ।
४) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।
६०. विद्यालय व्यवस्थापन समितिको गठन :
१) सामुदायिक तथा संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।
२) सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :
क) विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छानेर पठाएका कम्तिमा २ जना महिला सहित ४ जना सदस्य
ख) वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येवाट सो वडा समितिले मनोनयन गरेको सदस्य- १ जना
ग) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानेर पठाइएको

शिक्षक प्रतिनिधि १- सदस्य
घ) विद्यालय व्यवस्थापन समितिले शिक्षाप्रेमी, बुद्धिजीवी, समाजसेवी, चन्दा दाताहरु मध्येबाट मनोनित गरेका कम्तिमा १ महिला समेत २ जना सदस्य
ङ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक सदस्य सचिव
३) विद्यालय व्यवस्थापन समितिको पहिलो बैठक जेष्ठ सदस्यको अध्यक्षतामा ७ दिन भित्र बसी उपदफा (घ) बमोजिमका सदस्यहरु मनोनित गर्ने र जेष्ठ सदस्यको अध्यक्षतामा दोस्रो बैठक १५ दिन भित्र वसी गरङ सदस्य बाहेक अन्य सदस्यहरु मध्येबाट अध्यक्षको चयन सर्व सम्मत गर्न प्रयत्न गर्नु पर्नेछ तर यदि सर्वसम्मत नभएमा सम्पूर्ण सदस्यको बहुमतबाट अध्यक्ष चयन गरिने छ ।
४) विद्यालय व्यवस्थापन समितिले आवश्यकतानुसार समितिको बैठकमा सम्बन्धित विद्यालयको बालक्लवका प्रतिनिधि १ जना छात्रा सहित २ जनालाई आमन्त्रित गर्न सक्नेछ ।
५) प्राविधिक र व्यवसायिक विषय अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा पालिका भित्र प्रविधि, उद्योग तथा वाणिज्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍या एका व्यक्तिहरु मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति १ सदस्य थप गरिनेछ ।
६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु मध्येवाट विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति १ सदस्य थप गरिनेछ ।
७) समितिका पदाधिकारीहरुको पदावधि ३ वर्षको हुनेछ ।
८) गाउँको शिक्षा शाखा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ
६१. पालिका भित्रका संस्थागत विद्यालयहरुको संचालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था :
१) प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-
क) विद्यालयका संचालकहरुले आफुहरु मध्येबाट गाउँ शिक्षा समितिमा सिफारिस गरी पठाएका व्यक्ति- अध्यक्ष
ख) अभिभावकहरु मध्येबाट कम्तीमा १ जना महिला समेत पर्ने गरी अभिभावकहरुले छानीपठाएका २ जना सदस्य
ग) वडा समितिले तोकेको वडा सदस्य मध्येबाट १ जना सदस्य
घ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना - सदस्य

ङ) विद्यालय संचालक, शिक्षा प्रेमी, बुद्धिजीवीहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको व्यक्ति १ जना - सदस्य
च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव-
२) विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धित विद्यालयको बालक्लवका प्रतिनिधिको रुपमा कम्तिमा १ जना छात्रा सहित २ जनालाई आमन्त्रित गरिनेछ ।
३) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।
६२. विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्ने : १) सामुदायिक विद्यालयको व्यवस्थापन सुधार गर्न आवश्यक भएमा कार्यपालिकाले स्वयम् जिम्मा लिनेछ । यो कार्यका लागि विज्ञहरुको सहयोग लिन सक्नेछ ।
२) यस सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।
६३. शिक्षक अभिभावक संघको गठनः १ सामुदायिक विद्यालयको आर्थिक तथा शैक्षिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन र सामाजिक परीक्षणलाई व्यवस्थित गर्न तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने प्रयोजनार्थ सहयोग पुर्‍याउन प्रत्येक विद्यालयमा ११ सदसिय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गरिनेछ, विद्यालय व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यपक तथा कम्तिमा २ जना शिक्षक र अभिभावकहरु समेत रहने गरी उक्त समिति गठन गनुपर्ने छ ।
उक्त समितिमा प्रतिनिधित्व गर्ने शिक्षकहरु मध्येबाट प्रधानाध्यापकले तोकेको शिक्षक सदस्य सचिब रहनेछ ।
२. उपनियम १ बमोजिम गठीत कार्यकारी समितिका सदस्यको पदावधि ३ बर्षको हुनेछ ।
३. संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति ७ सदस्य नघटाई गर्नुपर्नेछ ।
६४. शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।
६५. विघटन गर्न सकिने : १) गाउँ कार्यपालिकाले यस ऐन तथा प्रचलित कानुन बमोजिम गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, यस ऐन बमोजिम गठन भएका समिति वा उप समितिहरुलाई कार्यपालिकाले विघटन गर्न सक्नेछ ।
२) विघटन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । विघटन गर्नु अघि सम्बन्धित समितिलाई आफ्नो सफाई

पेशगर्ने अवसरबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ११
## विविध व्यवस्था

६६. निर्देशन दिन सक्ने : १) गाउँ शिक्षा समिति, एवम् विद्यालय व्यवस्थापन समितिलाई गाउँपालिका प्रमुखले आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन विद्यालयको हितमा हुनु पर्नेछ । २) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु शिक्षासँग सम्बद्ध सबै समितिहरुको कर्तव्य हुनेछ ।
६७ प्रगति विवरण बुझाउनु पर्ने : १) प्रत्येक विद्यालयले तोकिए बमोजिमका शैक्षिक विवरण विद्यार्थी भर्ना म्याद समाप्त भएको मितिले १५ दिन भित्र शिक्षा शाखामा बुझाउनु पर्नेछ ।
२) तोकिएको विवरण र आर्थिक सूचक समेत देखिने गरी आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र शिक्षा शाखा मार्फत कार्यपालिका समक्ष वार्षिक प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।
६८. विद्यालयको वर्गीकरण : विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।
६९. विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने :
१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको बन्द हडताल वा अवान्छित क्रियाकलाप र गतिविधि हुन नदिने तथा पठनपाठन एवम् शैक्षिक क्रियाकलापलाई वाधा पर्ने गरी कसैले कुनै पनि अन्य गतिविधि संचालन गर्न नपाउने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नुपर्नेछ ।
२) कसैले विद्यालय बन्द हुने गरी क्रियाकलाप गरेमा वा वन्द गर्ने प्रयास गरेमा त्यस्ता व्यक्ति उपर प्रचलित कानुन वमोजिम कारवाही हुनेछ ।
७०. स्थायी आवासीय अनुमति लिन नहुने : १) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले बैदेशिक स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन पाइने छैन ।
२) यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो आवासीय अनुमति वा आवेदन तोकिएको अवधि भित्र फिर्ता लिनु पर्नेछ ।

३) उपदफा २ बमोजिम तोकिएको अवधि भित्र आवेदन वा आवासीय अनुमति फिर्ता नलिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई भविश्यमा सरकारी नोकरीमा अयोग्य नठहरिने गरी सेवाबाट मुक्त गर्ने सिफारिस गर्नु पर्नेछ ।

७१. योग्यता : विद्यालयका शिक्षकका लागि चाहिने शैक्षिक योग्यता संघीय कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

७२. पारिश्रमिक : संघीय कोषबाट व्यहोर हुने शिक्षकको पारिश्रमिक संघीय कानुन बमोजिम र पालिकाले बहन गर्नुपर्ने पारिश्रमिकका हकमा तोकिए बमोजिम हुनेछ ।

७३. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने : गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या विषय र कक्षाका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

७४, बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने :

१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिने वा दुर्व्यवहार गर्न पाइने छैन । (३) कसैले सो कार्य गरे, गराएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

७५. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :

नियमानुसार विदा स्वीकृत गराई वसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन ।

७६. स्थायी अध्यापन अनुमति पत्र लिनुपर्ने संघीय शिक्षक सेवा आयोगबाट स्थायी अध्यापन अनुमति पत्र नलिई तोकिएको बिषय बाहेकका विषयमा विद्यालयमा शिक्षण गर्न पाउने छैन ।

७७. अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ

७८. मुद्दा हेर्ने अधिकारी :१) दफा ४७ बमोजिम कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

७९. दरबन्दी सिर्जना गर्न सक्ने :

१) संघीय सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका सामुदायिक विद्यालयका लागि पालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि आफ्नै स्रोतबाट तलब भत्ता बेहोर्ने गरी करार शिक्षक, घुम्ती शिक्षक, स्वयम् सेवक शिक्षक तथा कर्मचारीको दरबन्दी सिर्जना गर्न सक्नेछ

२) उल्लेखित शिक्षकहरु कर्मचारीहरुको सेवा सुविधा तथा शर्त तोकिए बमोजिम हुनेछ ।

८०. नियम बनाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

८१. बाधा अड्काउ हटाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

८२. खारेजी र बचाउ :

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान, संघीय तथा प्रदेश कानून सँग बाझिएमा बाझिएको हद सम्म स्वतः अष्क्रिय हुनेछन्।

४) यो ऐन प्रारम्भ हुनु पहिले भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

(राज किशोर साह)

प्रमुख प्रशासकीय अधिकृत